**Kathmandu University**
School of Science

मिति: २०८३/०४/१

श्री प्रमुखज्यू,
सम्पूर्ण महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरु
कोशी प्रदेश, नेपाल

विषय: **B.Sc. in Environmental Science अध्ययनका लागि**
**कोशी प्रदेश सरकार मार्फत छात्रवृत्तिको अवसर ।**

उपर्युक्त सम्वन्धमा काठमाडौं विश्वविद्यालयको तर्फवाट यस विश्वविद्यालयमा अध्यापन हुने ***B.Sc. in Environmental Science*** लगायत अन्य उल्लेखित विषयहरुमा सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकारको सिफारिसमा यस विश्वविद्यालयबाट छात्रवृत्ति प्रदान गर्ने व्यहोरा जानकारी गराउँदछौं ।

सो सम्बन्धी सूचना सम्वन्धित मन्त्रालयले प्रकाशन गरिसकेको छ, प्रकाशित सूचना यसै इमेल मार्फत पनि पठाएका छौं । सो सूचना अनुसार इच्छुक विद्यार्थीहरुले **आवेदन बुझाउने अन्तिम मिति २०८३ श्रावण ७** गते रहेको व्यहोरा ध्यानाकर्षण गराउँदछौं । त्यसैले आफ्नो पालिका भित्रका १०+२ वा सो सरह उत्तीर्ण गरेका तथा ***B.Sc. in Environmental Science*** अध्ययन गर्न इच्छुक विद्यार्थीहरुलाई यो अवसर बारे जानकारी गराई अध्ययनका लागि प्रोत्साहित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

वातावरण बिज्ञान एक अन्तर विषयक तथा व्यवहारमुखी विषय हो, जसले वैज्ञानिक ज्ञानलाई व्यवहारिक समाधानसंग जोड्दै जलवायु परिवर्तन, जैविक विविधता संरक्षण, जलस्रोत व्यवस्थापन, प्रदुषण नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा दीगो विकास जस्ता समसामयिक चुनौतिहरुको समाधानका लागि दक्ष जनशक्ति तयार गर्दछ । यस बिषयका स्नातकहरुले सरकारी निकाय, अनुसन्धान संस्था, गैरकारी संस्था, उद्योग, परामर्शदाता संस्था, अन्तर्राष्ट्रिय संघसंस्था तथा कम्पनीहरुमा विविध रोजगारीका अवसरहरु प्राप्त गर्न सक्छन् ।

यस प्रदेश स्तरीय छात्रवृत्तिको अलवा काठमाडौं विश्वविद्यालयले ***B.Sc. in Environmental Science*** अध्ययनका लागि अन्य बिविध छात्रवृत्ति योजनाहरु समेत उपलब्ध गराउँदै आएको छ, जसको विवरण यसै साथ संलग्न गरी पठाएका छौं । छात्रवृत्तिका लागि प्रदेश तहवाट सिफारिस हुन नसकेका विद्यार्थीहरुले पनि यस विश्वविद्यालयबाट प्रदान गरिने छात्रवृत्तिका अवसरहरुका बारेमा जानकारी प्राप्त गरी सो अवसर लिएर अध्ययन गर्न सकुन भन्ने हाम्रो धारणा रहेको छ ।

***B.Sc. in Environmental Science*** मा भर्ना प्रक्रिया तथा छात्रवृत्ति सम्वन्धी थप जानकारी आवश्यक परेमा सम्पर्कका लागि हार्दिक अनुरोध गर्दछौं ।

Smriti Gurung

डा. स्मृती गुरुङ
विभागिय प्रमुख, वातावरण विज्ञान विभाग
काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक
इमेल : ese_admission@ku.edu.np / ese_hod@ku.edu.np
सम्पर्क : ९७१२०१२६६६/९८२०१०८००३